जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक ८२ २०७७ साल कात्तिक ७ गते शुक्रबार (23 Oct. 2020 Friday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : देशकै ठूलो सबस्टेशनको... ३ पृष्ठमा : संघीयताको नाममा ... ३ पृष्ठमा : भारतमा कोरोना संक्रमित ...

# बलात्कारका केही घटना झुठो भएको खुलासा

**दैनिक समाचारदाता**
**राजविराज, ६ कात्तिक ।**

सप्तरीमा बलात्कार जस्तो जघन्य अपराधका घटनाहरु बढ्दै जाँदा बुधबार पुनः एकपछि अर्को घटनाहरु सार्वजनिक भएको छ ।

सबै घटनाहरु बास्तविक हुन् की होइनन् भन्ने बारे प्रहरीले अनुसन्धान गर्दै जाँदा केही घटनाहरु बास्तविक र केही घटना अन्य व्यक्तिको उक्साहटमा त केही व्यक्तिगत रिसिइबी तथा सामान्य विवादले गर्दा झुठो र कपोकल्पित जाहेरी दिएको सत्यतथ्य सार्वजनिक भएको छ ।

यसैबीच जिल्ला प्रहरी कार्यालय सप्तरीमा बुधबार राजविराज नगरपालिका वडा नं. १२ दमाबतीकी एक जना महिलाले आफूसँग जर्वजस्ती करणीको प्रयास गर्ने पुरुषबिरुद्ध किटानी जाहेरी लिएर पुगिन् र सोही जाहेरीको आधारमा प्रहरीले तत्कालै आरोपित पुरुषलाई पक्राउ गर्‍यो । तर, पुरुष पक्राउ परेको केहि घण्टाभित्रै जाहेरी दिएकी महिलाले झुठो जाहेरी दिएको खुल्न आएको सप्तरीका प्रहरी उपरिक्षक राजेन्द्र धमलाले जानकारी दिएका छन् ।

सामान्य झैं झगडा भएको बिषयलाई महिलाले जर्वजस्ती करणीसँग जोडेर उजुरी दिएको उनको भनाई छ । प्रहरी उपरिक्षक धमलाका अनुसार घट्नाको अनुसन्धान गर्ने क्रममा महिलाले जुन पुरुषबिरुद्ध जर्वजस्ती करणीको आरोप लगाएकी थिइन, त्यो पुरुष घट्ना भएको समयमा घरमै थिएनन् । जवरजस्ती करणीको आरोपमा पक्राउ परेर केहि घण्टा हिरासतमा रहेका शनिश्चर खंगले आफ्नो श्रीमति र राजु खंगकी पत्नीसँग आफ्नो पत्नीको झगडा हुँदा आफूबिरुद्ध करणीको आरोप लगाएको बताए ।

उनका अनुसार गत असोज ३० गते साँझ आफ्नो बुहारीले झाडू लगाइरहेको बखत राजु खंगकी पत्नीले खरानी फ्याँकेपछि झगडा भएको थियो । झगडामा उनीहरुले कुटपिट गर्दा आफ्ना ५ बर्षीय नातीको हात समेत भाँचेको उनको भनाई छ । यता जर्वजस्ती करणीको उजुरी लिएर आउने महिलालाई बोलाएर प्रहरीले सोधपुछ गर्दा उनले स्थानीय केहि व्यक्तिले जर्वजस्ती करणीको उजुरी हाल्न उक्साएको भनी बयान दिएकी छन् ।

त्यस्तै सप्तरीकै अग्निसाइर कृष्णासावरण गाउँपालिकामा पनि यस्तै घटना सार्वजनिक भएको छ । गाउँपलिकाको वडा नं. २ इटहर्वामा दुई महिलाबीच भएको कुटाकुट घटनाले जर्वजस्ती करणीको प्रयासको घटनामा परिणत भयो ।

घटना क्रम अनुसार स्थानिय अनिता देवी मण्डल र चन्द्राबतीदेवी मुखिया माछाको व्यापार गर्दै आएकी छन् । असोज २० गते पनि यी दुबै जना माछा बेच्न गाउँकै हाटमा पुगिन् र माछा बेचेर घर फर्किने क्रममा दुबैबीच कुटाकुट भयो । अनिताले चन्द्राबतीको छातीमै दाँतले टोकिन् ।

सो घटना पश्चात् असोज २२ गते चन्द्राबतीले आफूमाथि कुटपिट गरेको भन्दै गाउँपालिकाको न्यायीक समितिमा निवेदन दर्ता गराइन् । दर्ता गरिएको निवेदनमा भरत मण्डल, उनकी श्रीमति र छोरी मिलेर आफूलाई एक्कासी गालीगलौज गर्दै छातीमा टोकेको र कानमा लगाइएका सुनका गहना लुछाचुड गरी खोसेर

*बाँकी अन्तिम पृष्ठमा*

## मंगलमय शुभकामना

हिन्दुहरुको महान चाड वडा दशैं, शुभ दिपावली तथा छठ पर्वको शुभउपलक्ष्यमा सम्पूर्ण जिल्लावासी, गाउँवासी तथा वडावासीमा सुस्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**शम्भुनन्द चौधरी**
**अध्यक्ष**
**गैसस महासंघ नेपाल, सप्तरी**

## मंगलमय शुभकामना

हिन्दुहरुको महान चाड वडा दशैं, शुभ दिपावली तथा छठ पर्वको शुभउपलक्ष्यमा सम्पूर्ण जिल्लावासी, गाउँवासी तथा वडावासीमा सुस्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**गजेन्द्र कुमार मण्डल**
**केन्द्रिय सदस्य**
**जनता समाजवादी पार्टी नेपाल**

## NOVEL CORONA VIRUS (nCOV)

**सर्वसाधारणका लागि जनचेतनामुलक संदेश**

### नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू



ज्वरो (१००.४°F भन्दा माथि)

श्वास प्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

### नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने ।



खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।



फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।



फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।



जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।



पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सम्पादकीय ....

# फजुल खर्च नगरौं

दशैंको आज सातौं दिन अर्थात सप्तमी (फलपाती)। आजको दिन सप्तरीको छिन्नमस्ता शक्तिपीठमा भक्तजनहरुको घुँइचो लाग्द छ। तर, यस पटकको दशैंमा कोरोना महामारीका कारण विभिन्न मठ मन्दिरमा पूजापाठ गर्न स्थानिय प्रशासनद्वारा निषेधाज्ञा जारि गरिएपछि ती मन्दिरहरु सुनसान देखिन्छन। हिन्दुहरुको महान पर्व दशैंमा रौनक छैन् भने श्रद्धालुहरु पनि मन्दिर आएर पूजापाठ गरेको देखिन्न्। कोरोनाको त्रासले अहिले बजारमा चहलपहल समेत न्युन छ भने व्यापार, व्यवसायी चौपट छ। दशैंमा नयाँ लुगा किन्नेहरुको पसलमा भिड लाग्ने गरेकोमा यस पटक त्यस्तो कुनै दृश्य देखिदैन्।

विगत ७ महिनादेखी यो महामारीले विश्व बजार नै चौपट गरेको अवस्था छ भने नेपाल पनि यस चपेटमा परेको छ। मानिसहरु बेरोजगार बनेका छन् भने गरिब, निमुख्खा जनताहरुको अवस्था दयनिय रहेको छ। यस्ते अवस्थामा दशैंमा खर्च गर्ने कुरामा सबै गम्भिर भएका छन्। आम्दानी श्रोत नै समाप्त भएको बेला चाडपर्वमा ऋृण लिने अवस्था पनि छैन्। जसोतसो मानिसहरुले महामारीका बीच दशैं पनि बाध्य छन्।

हरेक वर्ष धुमधामका साथ मनाइदै आएको यस पटकको दशैं सबैको लागि निरासजनक नै रहेको छ। तसर्थ यस पटकको दशैंमा स्वास्थ्यको ख्याल गर्दै फजुल खर्च नगरि सक्दो न्यूनतम खर्चमै मनाउनु नै बुद्धिमानी हुनेछ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# देशकै ठूलो सबस्टेशनको निर्माण सम्पन्न : १२०० मेगावाट विद्युत् आयातनिर्यात गर्न सकिने

काठमाडौं, ६ कात्तिक (रासस)।

देशकै हालसम्मकै सबैभन्दा ठूलो सबस्टेशनको रूपमा परिचित ढल्केबर सबस्टेशन नो लोडमा चार्ज भएको छ। कूल ४०० केभी क्षमताको सो सबस्टेशन बुधबार साँझदेखि नो लोडमा चार्ज भएको हो।

ढल्केबर सबस्टेशन आयोजनाका प्रमुख शुक्र देवकोटाका अनुसार देशकै सबैभन्दा ठूलो पावर हवको काम सम्पन्न भएको छ। उक्त सबस्टेशन नेपालको विद्युत् क्षेत्रका लागि एउटा महत्वपूर्ण कोशेढुङ्गाका रूपमा रहेको छ। नेपालको पहिलो ठूलो र ग्यास इन्सुलेटेड सबस्टेशन निर्माणमा नेपाल विद्युत् प्राधिकरणले सफलता हासिल गरेको छ।

नेपाल सरकारको लगानी, प्राधिकरणका इन्जिनीयरको डिजाइन र प्राधिकरणकै स्वामित्वमा रहेको एनइए इन्जिनीयरिङ कम्पनीको परामर्शमा सो आयोजना सम्पन्न भएको छ। प्राधिकरणका पूर्वकार्यकारी निर्देशक कुलमान घिसिङले देशकै सबैभन्दा ठूलो सबस्टेशन सम्पन्न भएकामा बधाई दिँदै महत्वपूर्ण सफलता हासिल भएको बताउनुभएको छ।

प्राधिकरणका अनुसार सो सबस्टेशनको क्षमता ९४५ एमभीए रहेको छ। आर्थिक वर्ष २०७४/७५ मा बोलपत्र प्रक्रिया शुरु गरी करिब अढाइ वर्षमा सो आयोजना सम्पन्न भएको हो। प्राधिकरणले गत असारमा नै निर्माण सम्पन्न गर्ने लक्ष्य राखेको भए पनि कोरोनाको कहरका कारण आयोजना सम्पन्न हुन केही ढिलाइ भएको हो। कोरोनाको जोखिम नियन्त्रणका लागि सरकारले जारी गरेको लकडाउन तथा निषेधाज्ञाका कारण आयोजना सम्पन्न हुन ढिलाइ भएको प्राधिकरणले जनाएको छ। सो अवधिमा समेत आयोजनाको काम भइरहेका कारण सम्पन्न हुन सकेको हो।

उच्चा क्षमताको हाई भोल्टेज टेस्टिङ मेसिन केरुङ नाकाबाट करिब तीन महिनासम्म छुटाउन नसक्दा समयमा चार्ज हुन सकेको थिएन। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले परराष्ट्र मन्त्रालयसँग समन्वय गरी कूटनीतिक पहल गरेर केरुङमा रहेको उपकरण आयोजनास्थल पुऱ्याइएको थियो।

नेपाल-भारतबीचको विद्युत् आदानप्रदानका लागि ढल्केबर-मुजफ्फरपुर ४०० केभी क्षमताको अन्तरदेशीय प्रसारण लाइन यसअघि नै निर्माण सम्पन्न भएको थियो। सोही प्रसारण लाइनका कारण नेपाललाई आवश्यक पर्ने विद्युत् जुनसुकै बेला पनि सहजै रूपमा आयात गर्न सम्भव भएको छ। प्रसारण लाइन ४०० केभी क्षमताको भए पनि सबस्टेशन कम क्षमताको भएकाले गर्दा शुरुआती चरणमा १३२ केभी क्षमतामा मात्रै प्रसारण लाइन चार्ज गरिएको थियो। यस्तै आव २०७५/७६ मा मात्रै २०० केभी क्षमतामा चार्ज गरिएको थियो।

नयाँ सबस्टेशन निर्माण सम्पन्न भएपछि प्रसारण लाइनकै क्षमतामा सञ्चालनमा ल्याउन सकिने प्राधिकरणको भनाइ छ। सो प्रसारण लाइन तथा सबस्टेशनबाट कूल एक हजार २०० मेगावाट विद्युत् आयातनिर्यात गर्न सकिने भएको छ। प्राधिकरणका पूर्वकार्यकारी निर्देशक घिसिङका अनुसार उक्त प्रसारण लाइन र सबस्टेशनको क्षमता एक हजार २०० मेगावाट बराबरको भए पनि तत्कालका लागि ८५० मेगावाट मात्रै आयातनिर्यात हुन सक्छ।

नेपालभित्रको पूर्वपश्चिम प्रसारण लाइन ४०० केभीमा चार्ज भएपछि मात्रै सो लाइनबाट पनि एक हजार २०० मेगावाट विद्युत् आदानप्रदान गर्न सकिन्छ। पूर्वकार्यकारी निर्देशक घिसिङले राष्ट्रिय महत्वको आयोजना निर्माणमा अहोरात्र खटिएका आयोजनाका कर्मचारी, निर्माण व्यवसायी तथा परामर्शदाता कम्पनीलाई समेत धन्यवाद दिँदै तुलनात्मक रूपले काम छिटो सकिएकामा सबै बधाईको पात्र भएको बताउनुभयो।

उहाँले भन्नुभएको छ "मेरो कार्यकालमा चार्ज गर्ने भनी धेरै प्रयास गर्दा पनि हाइभोल्टेज टेस्टिङ किट नआएकाले सफल भएन।" आयोजना सम्पन्न गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले निरन्तर पहल गर्नुभएको थियो। उहाँले हरेक दिन नै आयोजनाको प्रगतिका बारेमा चासो राखेर शीघ्र काम सम्पन्न गर्न सम्बद्ध पक्षको ध्यानाकर्षण गराउँदै आउनुभएको थियो।

तत्कालका लागि नो लोडमा सबस्टेशन चार्ज गरिएको भए पनि अब भने विद्युत् लोड दिएर चार्ज गर्ने र सञ्चालनमा ल्याउने प्राधिकरणको तयारी छ। परामर्शदाता कम्पनीको रूपमा रहेको एनइए इन्जिनीयरिङ कम्पनीका प्रबन्ध सञ्चालक हितेन्द्रदेव शाक्यले केही दिन पहिले राससँगको कुराकानीका क्रममा सो आयोजना आफूहरूका लागि समेत महत्वपूर्ण र सिकाइका दृष्टिले पनि बहुआयामिक भएको बताउनुभएको थियो।

# अनलाइन सिकाइ अप्रभावकारीः विद्यालय खोल्ने अधिकार स्थानीयलाई दिन आग्रह

काठमाडौं, ६ कात्तिक (रासस)।

कोभिड -१९ को जोखिम तत्काल अन्त्य नहुने भएकाले स्वास्थ्य सुरक्षा अपनाएर विद्यालय खोल्ने अधिकार आफूहरूलाई दिन विभिन्न स्थानीय तहका जनप्रतिनिधिले आग्रह गरेका छन्। शिक्षा पत्रकार समाज (सेज) र ज्ञान अनुसन्धान तथा सिकाइ केन्द्रको आयोजनामा बिहीबार भएको 'वैकल्पिक सिकाइको कार्यान्वयनमा स्थानीय तहको भूमिका' विषयको भर्चुअल बहसमा उनीहरूले जोखिम नै नभएका ठाउँमा पनि सङ्घीय सरकारले विद्यालय खोल्न नदिँदा सीमित सञ्चार प्रविधिको सहायतामा पठनपाठन प्रभावकारी नहुने जनाएका हुन्।

लमजुङको बेँसीशहर नगरपालिकाका प्रमुख गुमानसिंह अर्यालले सबै बजार खुलेका अवस्थामा कोभिड -१९ बाट बच्ने उपाय बताएर तथा स्वास्थ्य सामग्री उपलब्ध गराएर विद्यालय खोल्नुपर्ने मान्यतामा आफू रहेको बताउँदै यसमा केन्द्र सरकारले रोक्न नहुने जनाउनुभयो। उहाँले पुराना र प्रविधिमा अभ्यस्त नभएका शिक्षकलाई हटाउने जिम्मेवारी पनि आफूहरूलाई दिन माग गर्नुभयो। शिक्षा तथा मानव स्रोत विकास केन्द्रका निर्देशक गेहनाथ गौतमले भने स्वास्थ्य जोखिमको स्थिति कायम रहेकाले विद्यालय खोल्न हतार नगरी पाठ्यक्रम समायोजन र विद्यार्थी सहजीकरण निर्देशिकाको आकस्मिक कार्यान्वयन योजनालाई अघि बढाउन आग्रह गर्नुभयो।

सोलुखुम्बुको थुलुङ गाउँपालिकाका अध्यक्ष असिम थुलुङले पहाडी जिल्लामा कतिपय तहका कक्षामा २० जना मात्रै विद्यार्थी रहेकाले त्यहाँ स्वतः सामाजिक दूरी कायम हुने भएकाले विद्यालय सञ्चालन गर्नु नै सही विकल्प हुने बताउनुभयो।

चितवनको भरतपुर महानगरपालिकाका शिक्षा प्रमुख महेन्द्र पौडेलले स्थानीय तहले समन्वयात्मक र सिर्जनात्मक भूमिका खेल्दै विद्यार्थीलाई सहजीकरण गरिरहेकाले हालसम्मको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको जनाउनुभयो।

शिक्षा अभियानकर्मी बाबुकाजी श्रेष्ठले औपचारिक मात्र नभई अनौपचारिक शिक्षाका माध्यमबाट पनि सिकाइका आयामलाई विस्तार गर्न आग्रह गर्नुभयो भने सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घ नेपालका महासचिव गुणराज मोक्तानले वैकल्पिक सिकाइका लागि सरकारले पर्याप्त बजेट विनियोजन गर्नुपर्नेमा जोड दिनुभयो।

काठमाडौँस्थित जनकल्याण माविका प्रधानाध्यापक कुमारी कमला राई, मकवानपुरस्थित वंशगोपाल माविका प्रधानाध्यापक रमेशप्रसाद लामिछाने र महोत्तरीस्थित नेपाल राष्ट्रिय माविका प्रधानाध्यापक सरोज यादवले आफूहरूलाई स्थानीय तहले सोचे जति सहजीकरण नगरेको गुनासो गर्नुभयो।

सरकारले वैकल्पिक सिकाइलाई शैक्षिकसत्रको मान्यता दिने गरी गत भदौ १९ गते विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका जारी गरेको थियो। संयुक्त राष्ट्र सङ्घीय बालकोष (युनिसेफ) को गत महिनाको अध्ययनानुसार हाल वैकल्पिक सिकाइमा ८२ प्रतिशत विद्यार्थीले भाग लिइरहेको र अनलाइन प्रयोगको सिकाइमा ५७ प्रतिशत बालकालिकाको पहुँच छ।

# कक्षा १२को परीक्षामा संक्रमितलाई अलग्गै व्यवस्था

काठमाडौं, ६ कात्तिक (रासस)।

राष्ट्रिय परीक्षा बोर्डले आगामी मङ्सिर ९ देखि १६ गतेसम्म सञ्चालन गर्ने कक्षा १२ को परीक्षामा कोरोना सङ्क्रमित विद्यार्थीका लागि अलग्गै व्यवस्था गरेको छ। बोर्डले सार्वजनिक गरेको परीक्षा कार्यतालिकामा कोभिड -१९ सङ्क्रमित परीक्षार्थीलाई परीक्षामा सामेल नहुन अनुरोध गर्दै त्यस्ता परीक्षार्थीका लागि नेपाल सरकारको मान्यताप्राप्त प्रयोगशालाको रिपोर्टका आधारमा पछि छुट्टै व्यवस्था गरिने उल्लेख छ।

यो परीक्षा सामाजिक दूरीसहित छोटो अवधिका सञ्चालन गरी ४० प्रतिशत प्राप्ताङ्कका लागि लिइनेछ। विद्यार्थीको २० प्रतिशत लब्धाङ्क आन्तरिक मूल्याङ्कन र ४० प्रतिशत कक्षा ११ को लब्धाङ्कबाट गणना गरिनेछ। बोर्डले ४० प्रतिशत लब्धाङ्कका लागि अनलाइन परीक्षासमेत गर्न सकिने विकल्प सुझाएकामा त्यसको विश्वसनीयतामा विभिन्न प्रश्न उठेपछि परीक्षा सञ्चलन हुने भएको हो। बोर्डले जिल्ला बाहिर रहेका परीक्षार्थीको विवरण सङ्कलन गरी परीक्षामा सामेल गराउने तयारी गरेको छ।

लामो समयको गृहकार्य र अन्योलपछि नेपाल सरकारको सैद्धान्तिक निर्णयबाट झण्डै पाँच लाख विद्यार्थी सहभागी हुने परीक्षाका लागि बोर्डले बुधबार कार्यतालिका सार्वजनिक गरेको हो। कोरोना महामारीको जोखिमका कारण गत वैशाख ८ गतेदेखि हुने भनिएको सो परीक्षा स्थगन भएको थियो।

# विश्व बैंकको रु २४ अर्ब सहुलियतपूर्ण ऋण स्वीकार गरिने: परराष्ट्र नीति स्वीकृत

काठमाडौँ, ६ असोज (रासस)।

सरकारले विश्व बैंक समूहको अन्तरराष्ट्रिय विकास संस्थाबाट बजेटरी सहायताका रूपमा प्राप्त हुने २०० मिलियन अमेरिकी डलर (करीब रु २४ अर्ब) बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्ने निर्णय गरेको छ।

सरकारले अन्तरराष्ट्रिय श्रम संगठनको विधान अनुमोदनका लागि संघीय संसद्समक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय पनि गरेको छ। विद्युत् नियमन आयोगको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने, परराष्ट्र नीति, २०७७ स्वीकृत गर्ने तथा गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ स्वीकृत गर्ने निर्णय भएको सरकारका प्रवक्ता पार्वत गुरुङले बिहीबार पत्रकार सम्मेलनमा जानकारी दिनुभयो।

सरकारले नेपाल इन्टरमोडल यातायात विकास समितिको कार्यकारी निर्देशकमा आशिष गजुरेललाई नियुक्त गर्ने निर्णय गरेको छ। यसैगरी नेपाली श्रमिक उपलब्ध नभएका अवस्थामा श्रम कानूनले निर्दिष्ट गरेको प्रक्रिया पूरा गरी उत्पादनशील (म्यानुफ्याक्चरिङ) उद्योगलाई भारत, चीनलगायत अन्य मुलुकबाट विदेशी श्रमिक ल्याउन अनुमति प्रदान गर्ने निर्णय यही कातिक ४ गते बसेको मन्त्रिपरिषद्को बैठकले गरेको सञ्चार तथा सूचना प्रविधि मन्त्री गुरुङले जानकारी दिनुभयो।

बैठकले सैनिक विशेष अदालतका अध्यक्षमा अदालतको कामकाजसमेत गर्ने गरी उच्च अदालत, पाटनका न्यायाधीश लोहितचन्द्र शाहलाई र काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा २३ बमोजिम पुनरावेदन समितिका अध्यक्षमा अदालतको कामकाजसमेत गर्ने गरी उच्च अदालत, पाटनका न्यायाधीश माधवप्रसाद पोखरेललाई तोक्ने निर्णय गरेको छ।

यसैगरी सरकारले भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी ऐन, २०७२ को दफा २६ को उपदफा (२) बमोजिम पुनरावेदन समितिका अध्यक्षमा अदालतको कामकाजसमेत गर्ने गरी उच्च अदालत, पाटनका न्यायाधीश मोहम्मद जुनैद आजादलाई तोकेको छ। सरकारले विशेष अदालतका अध्यक्षमा उच्च अदालत दिपायलका न्यायाधीश प्रेमराज कार्की तथा सदस्यमा उच्च अदालत सुर्खेत, जुम्ला इजलासका न्यायाधीश अब्दुल अजिज मुसलमान र उच्च अदालत सुर्खेतका न्यायाधीश नित्यानन्द पाण्डेलाई तोक्ने निर्णय गरेको उहाँले बताउनुभयो।

यसैगरी राजस्व न्यायाधिकरण, काठमाडौँका कानून सदस्य एवम् अध्यक्षमा उच्च अदालत, पाटनका न्यायाधीश विनोद शर्मा, राजस्व न्यायाधिकरण, विराटनगरका कानून सदस्य एवम् अध्यक्षमा उच्च अदालत, विराटनगरका न्यायाधीश सत्यमोहन जोशी थारु र राजस्व न्यायाधिकरण, नेपालगञ्जका कानून सदस्य एवम् अध्यक्षमा उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासका न्यायाधीश केशवराज जोशीलाई तोकिएको छ।

बैठकले न्यूनतम समर्थन मूल्यमा धान खरीद र व्यवस्थापन गर्ने निर्देशिका, २०७७ स्वीकृत गरेको छ। स्याङ्जा, चापाकोट-१ को ४६-१३-२-१ रोपनी जग्गा चापाकोट बहुमुखी क्याम्पसलाई सरकारी जग्गा दर्ता तथा भाडामा उपलब्ध गराउने निर्णय गरिएको मन्त्री गुरुङले जानकारी दिनुभयो।

यसैगरी नेपाली सेनाका महासेनानी दीपेशजङ्ग शाहसमेत तीन महासेनानीको बढुवा गरी पदस्थापन तथा सहायकरथी कृष्णमुरारी न्यौपानेसमेत पाँच सहायक रथीको सरुवा गर्ने निर्णय गरिएको छ।

बैठकले कोभिड-१९को प्रभावसमेतका कारण तत्काल नेपाल रेडक्रस सोसाइटीको नयाँ कार्यसमितिको निर्वाचन हुन सक्ने अवस्था नरहेको र यसको कामकाज यथावत् सञ्चालन गर्न आवश्यक भएकाले तदर्थ समितिले एक वर्षभित्र नयाँ कार्यसमिति गठन गर्ने र सो गठन नभएसम्म तदर्थ समितिले नियमित कार्यसञ्चालन गर्ने गरी बाधा अड्काउ हटाउने आदेश जारी गर्ने निर्णय गरेको छ। समाजकल्याण ऐनबमोजिम नेपाल सरकारले गत साउन १२ गते सोसाइटी केन्द्रीय कार्यसमिति विघटन गरी सोही ऐनबमोजिम तदर्थ समिति गठन गरेको थियो।

## कातिक ८ गतेदेखि विज्ञापनरहित (क्लिन फिड) लागू

काठमाडौँ, ६ कातिक (रासस)।

सरकारले विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ तथा नियमावली, २०७७ बमोजिम यही कातिक ७ देखि विदेशी च्यानललाई विज्ञापनरहित (क्लिन फिड) प्रसारण लागू हुने भएकाले सहयोगका लागि सम्बन्धित पक्षलाई आह्वान गरेको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले बिहीबार विज्ञप्तिमार्फत उक्त कानून कार्यान्वयनका लागि विज्ञापन बोर्डको गठन भइसकेको छ र अनुगमनका लागि जिम्मेवारीसहितको संस्थागत प्रबन्ध गरिसकिएको जनाएको छ।

ऐनको मर्म र भावनाअनुरुप तोकिएको मितिदेखि उक्त व्यवस्था लागू गर्न गराउन र अन्यथा कानूनअनुसार हुने मन्त्रालयका सहसचिव एवं प्रवक्ता गोकर्णमणि दुवाडीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। विसं २०७६ कातिक ८ गते देखि लागू भएको सो ऐनको दफा ६ मा विदेशी च्यानलहरुले विज्ञापनरहित प्रसारण गर्नुपर्ने व्यवस्था रहेको छ। नेपालमा प्रसारण हुने विदेशी टेलिभिजन च्यानलले विज्ञापनरहित (क्लिन फिड) प्रसारण गर्नुपर्ने, ऐन प्रारम्भ हुँदाका बखतमा विदेशी च्यानलसँग डाउनलिङ्क गरी प्रसारण गर्न सम्झौता गरिसकेका संस्थाहरुले ऐन प्रारम्भ भएको एक वर्षभित्र विज्ञापनरहित (क्लिन फिड) प्रसारण गर्नुपर्ने, विदेशी विज्ञापनलाई नेपालका सञ्चारमाध्यमले प्रसारण गर्दा डबिङ गरी प्रसारण गर्न नपाउने कानूनी व्यवस्था छ।

## ६ महिनामा एक हजार ६७३ महिला हिंसाका घटना

काठमाडौँ, ६ कात्तिक (रासस)।

गत छ महिनाको अवधिमा देशभर एक हजार ६७३ वटा महिला तथा बालिकामाथि लैङ्गिक विभेदमा आधारित हिंसा भएको एक गैरसरकारी संस्थाको अभिलेखले देखाएको छ। महिला पुनःस्थापना केन्द्र (ओरेक)को अभिलेखमा यीमध्ये ९० प्रतिशत घटना प्रभावितको आफ्नै समुदाय र परिवारमा भएको छ।

उक्त तथ्याङ्कका आधारमा सो अवधिमा ४४ सामूहिक बलात्कारसहित ३६७ वटा (२२ प्रतिशत) बलात्कारको घटना छ। यसैगरी ८२५ वटा (४९ प्रतिशत) घरेलु हिंसाको घटना भएको छ भने १६० वटा (१० प्रतिशत) सामाजिक हिंसाको घटना, ७१ वटा (४ प्रतिशत) हत्याको घटना, ५१ वटा (३ प्रतिशत) बलात्कारको प्रयासका घटना सङ्कलन भएका छन्। साथै १८ वटा (१ प्रतिशत) मानव बेचबिखन, ७६ वटा (५ प्रतिशत) यौन दुर्व्यवहार, ६१ वटा (४ प्रतिशत) आत्महत्याका घटना र ३१ वटा अन्य (२ प्रतिशत) घटना भएको ओरेकले जनाएको छ।

## राजविराज नगरपालिका

### ७ नं. वडा कार्यालय

राजविराज, सप्तरी
२ नं. प्रदेश, नेपाल

पत्र संख्या:-२०७७/०७८
च.नं. ९४९

मिति:-२०७७/०७/०२

सुचना ! सुचना !! सुचना !!!

वडा नं. ७ वाट जारी भएको जगगा धनि वच्चा मण्डल मधैया धानुक को हक भोग सम्वन्धी सुचना

उपरोक्त सम्वन्धमा जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं.१ हाल वाड नं. ७ वस्ने स्व.कारी मण्डलको नाती टहल मण्डलको छोरा वच्चा मण्डल मधैया धानुक को मृत्यु २०६२/८/२५ गते आफनै काल गती मा मृत्यु भई वडा कार्यालयमा उपस्थीत भई मृतक वच्चा मण्डल मधैया धानुकको निवेदकहरु नाती वुहारी अन्जु देवी , नाती वलदेव मण्डल ,सुनिल कुमार मण्डल ,अनिल मण्डल निज मृतक को हक अपुताली खाने हरु कोही नभई हामीहरु अन्जु देवी , वलदेव मण्डल ,सुनिल कुमार मण्डल ,अनिल मण्डल भएको ले तपसिलमा उल्लेख भएको प्लोट नं. को जग्गा सो जग्गामा वसोवास गरी रहेको पक्की घर समेत को जग्गा हाम्रो नाउमा नामसारी गरी पाउँ भनी दिएको निवेदन को द.न. १३६ माग अनुसार दावी पेश गरेको हुदा उक्त जग्गा निज निवेदकहरुको नाउमा दर्ता गर्न मिल्ने वा नमिल्ने तथा वच्चा मण्डल मधैया धानुकको कोही नजिकको हकदार भए सुचना प्रकाशित भएको मिति ले ३५ दिन भित्र यस वडा कार्यालयमा आ-आफनो सवुत प्रमाण लिई उपस्थित हुनु होला अन्यथा म्याद भित्र कसैको उजुर वाजुर प्राप्त नभएको खण्डमा यसै सुचना लाई आधार मानी कानुन वमोजिम भई जाने व्यहोरा समेत जानकारीको लागी अनुरोध छ।

तपसिल

मुत्क बच्चा मण्डल मधैया धानुकको नाउमा दर्ता कायम रहेको जग्गा

| जिल्ला | न.पा. | वार्ड नं. | प्लोट नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | रा.बि.न.पा. | १ हाल ७ | ८ | ०-१-७ |

२०७७/७/२

मांगी लाल नाइं
वडा अध्यक्ष
मांगी लाल नाईं
वडा अध्यक्ष
रा.वि.न.पा.वडा नं.-७

# विश्व समाचार

## भारतमा कोरोना संक्रमित ७७ लाख, एक लाख १६ हजारको मृत्यु

नयाँदिल्ली, ६ कात्तिक (रासस-एएनआई)।

भारतमा विगत २४ घण्टामा कोरोना भाइरसबाट थप ५५ हजार ८३८ जना नयाँ संक्रमित भेटिएका छन्। यो सहित भारतमा कूल संक्रमितको संख्या ७७ लाख पुगेको छ।

भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार भारतमा हाल ७ लाख १५ हजार ८१२ जना सक्रिय संक्रमित अवस्थामा रहेका छन्। विगत २४ घण्टामा ७०२ जनाको कोभिड-१९ को संक्रमणबाट मृत्यु भएको छ।

भारतमा कोभिड-१९ को संक्रमणबाट कूल मृत्यु भएका व्यक्तिको संख्या एक लाख १६ हजार ६१६ जना पुगेको छ।

मन्त्रालयले भारतमा कूल जनसंख्यामा संक्रमित हुने व्यक्तिको अनुपात विश्वमै सबैभन्दा न्यून रहेको पनि जनाएको छ। साथै कोरोना संक्रमितको मृत्यु हुने औसत दर समेत विश्वका अन्य मुलुकको भन्दा कम रहेको मन्त्रालयले जनाएको छ।

भारतमा विगत सात दिनको तथ्याँक विश्लेषण गर्दा प्रति दश लाख व्यक्तिमा विश्वमा ३२१ जनामा कोरोना संक्रमण देखिएकामा भारतमा २९७, ब्राजिलमा ६९२, स्पेनमा ८१९ र संयुक्तराज्य अमेरिकामा एक हजार १९५ मा कोरोना देखिएको छ।

यसैगरी विश्वमा प्रति दश लाख जनसंख्यामा औसतमा १४३ जनाको मृत्यु भइरहेकामा भारतमा ८४, रसियामा १६९, फ्रान्समा ५११, बेलायतमा ६४४ र संयुक्तराज्य अमेरिकामा ६६० जनाको मृत्यु भएको पनि मन्त्रालयले जनाएको छ।

भारतीय महाराष्ट्र राज्य कोरोना संक्रमणको सबैभन्दा उच्च जोखिममा रहेको छ। यहाँ ४२ हजार ६३३ जनाको मृत्यु भइसकेको छ भने १४ लाख १५ हजार व्यक्ति निको भएका छन्।

कर्नाटक राज्यमा एक लाख व्यक्ति सक्रिय संक्रमित रहेकामा ६ लाख ७१ हजार निको भएका छन् भने १० हजार ६९६ जनाको मृत्यु भएको छ।

भारतीय स्वास्थ्य अनुसन्धान परिषदले हालसम्म ९ करोड ८७ लाख नमूना परीक्षण गरेको जनाएको छ।

## कोरोनाभाइरसको खोप लगाएका व्यक्तिको मृत्यु

ब्रासिलिया, ६ कात्तिक (रासस-एएनआई)।

अस्ट्राजेनिका र अक्सफोर्ड विश्वविद्यालयले तयार पारेको कोरोनाभाइरस विरुद्धको खोप दिइएका एक व्यक्तिको ब्राजिलमा मृत्यु भएको छ। ब्राजिलको स्वास्थ्य सेवा विभाग एन्भिसाले तेस्रो चरणको परीक्षणका क्रममा उक्त खोप दिइएका व्यक्तिको मृत्यु भएको जनाएको छ।

तर एन्भिसाले खोप परीक्षणको कार्य जारी रहने बताएको छ। एन्भिसाले स्वयंसेवी ती व्यक्तिले खोप लगाएका हुन् वा प्लासेबो लगाएका हुन् भन्ने स्पष्ट भइ नसकेको जनाएको छ। तर एन्भिसाले ती व्यक्तिको वैयक्तिक विवरण भने उपलब्ध गराउन अस्वीकार गरेको छ।

अक्सफोर्ड विश्वविद्यालयले ब्राजिली नियामक निकाय एन्भिसाको सिफारिस बमोजिम खोप परीक्षण अभियान जारी रहने जनाएको छ। विश्वविद्यालयले क्लिनिकल परीक्षणका बारेमा सुरक्षात्मक कुनै समस्या नरहेको पनि बताएको छ।

खोप निर्माता अस्ट्राजेनिकाले भने उक्त घटनाका बारेमा टिप्पणी गर्न अस्वीकार गरेको छ। अस्ट्राजेनिकाले खोप अभियान रोक्ने वा स्थगित गर्ने बारेमा पनि केही बताएको छैन।

जोन्स हप्किन्स विश्वविद्यालयको पछिल्लो अद्यावधिक विवरण अनुसार ब्राजिलमा ५२ लाख ७४ हजार व्यक्ति कोरोना संक्रमित भएका र १ लाख ५४ हजार ८३७ जनाको मृत्यु भइसकेको छ।

## भियतनामको बाढी र पहिरोमा ११४ को मृत्यु, २१ बेपत्ता

हनोइ, भियतनाम, ६ कात्तिक (रासस/सिन्ह्वा)।

भियतनाममा व्यापक वर्षाका कारण बाढी र पहिरो जाँदा कम्तीमा ११४ जनाको मृत्यु हुनुको साथै कम्तीमा २१ व्यक्ति बेपत्ता भएका भियतनामको प्राकृतिक प्रकोप रोकथाम तथा नियन्त्रण केन्द्रीय परिचालन समितिले बिहीबार जनाएको छ।

राज्यको क्वाङ ट्रि, थुवा थिएन ह्यु, क्वाङ नाम लगायतका प्रान्तमा गत साताको अन्तमा परेको वर्षाका कारण कम्तीमा ५९ हजार ३०० घर परिवारका कम्तीमा दुई लाख छ हजार ८०० व्यक्तिलाई सुरक्षित स्थलमा सारिएको छ।

हा तिन्ह र क्वाङ न्हि प्रान्तमा कम्तीमा ४६ हजार ८०० घरहरू डुबानमा परेका र कम्तीमा छ लाख ९१ हजार १०० चौपाया मरेका वा बाढीले बगाएका बताइएको छ।

भियतनामको उद्योग तथा व्यापार मन्त्रालयका अनुसार विस्थापितलाई पुन: स्थापनाका कामहरू थालिसकिएको छ भने व्यवसायिक अनियमितता हुन नदिन अनुगमनलाई कडा पारिएको छ। मौसम विज्ञान विभागले हा तिन्ह, क्वाङ विन्ह, क्वाङ त्री र थुवा थेन हुवा क्षेत्रमा अझै पहिरो र डुबानको उच्च जोखिम रहेको चेतावनी दिएको छ।

# प्रदेश २ सरकारले कोरोनाको उपचार निःशुल्क गर्ने

धनुषा, ६ कात्तिक (रासस)।

प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहले कोरोना महामारीको उपचार प्रदेश २ का सरकारले निःशुल्क रुपमा गर्ने बताउनुभएको छ। मन्त्री साहले जनताको कोरोनाको परीक्षण देखि उपचारमा लाग्ने सम्पूर्ण खर्च प्रदेश सरकारले नै बेहोर्ने बताउनुभयो।

मन्त्री साहले रासससँग कुरा गर्दै अहिले प्रदेशको विभिन्न जिल्लामा आठ वटा पिसिआर मेसिन मार्फत कोरोनाको परीक्षण भईरहेको जानकारी दिनु भयो। उहाँले प्रदेश २ को प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला जनकपुरधाम, नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्ज, गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पताल राजविराज, रौतहटको गौर अस्पताल र महोत्तरीको बर्दिवास अस्पतालमा निःशुल्क परीक्षण गर्ने काम भईरहेको जानकारी दिनुभयो।

यसै गरी कोरोनाको निःशुल्क उपचार जनकपुरधाम, राजविराज, वीरगञ्ज, गौरमा भईरहेको मन्त्री साहले जानकारी दिनुभयो। प्रदेश सरकारले कुनै प्रकारको शुल्क नलिनको लागि प्रयोगशाला तथा कोरोनाको उपचार गर्ने अस्पताललाई निर्देशन पनि दिईसकेको सामाजिक विकास मन्त्री साहले जानकारी दिनुभयो। यसैबीच प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रका प्रमुख डा. प्रमोद यादवले हरेक जिल्लाको जिल्ला अस्पतालमा पनि कोरोनाको परीक्षणका लागि प्रयोगशाला स्थापनाका लागि पीसीआर मेसिन खरिदका लागि प्रक्रिया अगाडि बढाएको जानकारी दिनुभयो।

# राजदेवी मन्दिरमा खोइँछ भर्ने विधि शुरू

जनकपुरधाम, ६ कात्तिक (रासस)।

कोरोना जोखिमलाई दृष्टिगत प्रसिद्ध शक्तिपीठ राजदेवी मन्दिरमा यस पटक नारीहरूले द्वितीय तिथिदेखि नै देवी दुर्गा भवानीको खोइँछ (पोल्टा) भर्ने विधि गरिरहेका छन्।

समान्यतः वडादशैंको अष्टमीका दिन मिथिलाका नारीहरूले सौभाग्यवती एवं सन्तानको कामना गर्दै यो विधि चलन छ तर कारोना सङ्क्रमणको जोखिम भएकाले द्वितीय तिथिदेखि नै सो विधि शुरू गरिएको हो।

नवरात्र शुरूभएदेखि नै देवी दुर्गाको उपासना गर्दै आएका विवाहित मैथिल महिलाले शक्तिपीठमा दुबो धान, दुबो, बेसारको गिँड, सिन्दूर, सुपारी, पान र भेटीसहितको पोका देवी दुर्गाको पोल्टामा चढाउँदै पराम्परागत खोइँछ भर्ने विधि सम्पन्न गर्ने परम्परा छ।

प्राध्यापक परमेश्वर कापडीले खोइँछ भर्ने परम्परा कोखसँग सम्बन्धित भएकाले भगवती दुर्गाको सान्निध्यले आनन्द, खुख, आरोग्य र जन्म धन्य हुने विश्वास राख्ने गरेको बताउनुभयो। खोंइछलाई जनभाषामा खोंइछा पनि भनिन्छ। खोंइछ दिनुलाई समृद्धि, परिपूर्णता, र भावनात्मक शुभाशीषको प्रतीक मानिन्छ। यसको सम्बन्ध आँचलसँग हुन्छ। आँचल महिलाका लागि सबैभन्दा ठूलो निधि हो। आँचल यस्तो अमूल्य हो, जसलाई बाँधिएमा खोंइछ र खोलेमा आँचल हुने गरेको छ।।

खौंइछमा प्रमुख रूपले प्रदान गरिने धानलाई अन्नपूर्णा देवीको प्रतीक मानिन्छ जसको अभिप्राय अन्नको अभाव कहिल्यै नहुने, दुबोलाई भगवान शिव र विष्णुको प्रतीक मानिन्छ जसको अर्थ ईश्वरको अनुकम्पा सधैं रहिरहने र बैसारलाई विष्णुको र सिन्दूरलाई सौभाग्यको प्रतीक मानिने परम्परागत मान्यता छ।

मिथिलाञ्चलमा महिलाले माइतबाट ससुराली, ससुरालीबाट माइती वा एक स्थानबाट अर्को स्थान जाने बेलामा पनि खोइछ भर्ने प्रचलन छ। यो विधि कुल देवता र देवीको मन्दिरमा गरिन्छ। कुल देवता र देवीको मन्दिरमा खोंइछ भर्नुको अर्थ कुल देवता र देवीलाई साक्षी राखी सौभाग्यको आराधना र संकल्प गर्नु गर्नु हो।

खोंइछ भर्ने प्रचलन अनादिकाल देखि आइरहेको मानिन्छ। माता सीता र सावित्रीले पनि खोंइछ भर्ने विधि गरेको जनधारणा पाइन्छ। प्राचीनकालमा छोरीलाई घरबाट विदाइ गर्ने बेलामा आमाले आँचलभर खोंइछ भरी विदा गरेको र छोरीको घरमा अन्नपूर्णाको वास होस् भनी कामना गरेको प्रसङ्ग पनि जनमानसमा पाइन्छ।

***बलात्कारका ...***

लगेको उल्लेख गरेकी छन्।

घट्ना प्रहरीसम्म पुग्यो र प्रहरीमा कुटपिट नभई जर्वजस्ती करणीको प्रयास गरेको भन्दै उजुरी पऱ्यो। गाउँपालिकामा कुटपिट भएको भन्दै निवेदन दिने महिलाले अनिताका पति भरतले आफूसँग जर्वजस्ती करणीको प्रयास गरेको भन्दै असोज २४ मा इलाका प्रहरी कार्यालय कंचनपुरमा उजुरी दर्ता गराइन्। जर्वजस्ती करणी प्रयासको उजुरी दर्ता गराएपछि प्रहरीले भरतलाई पक्राउ गऱ्यो। प्रहरीले पक्राउ परेका भरतलाई असोज २७ गते अनुसन्धानका लागि जिल्ला अदालतबाट ७ दिनको म्याद थप समेत गरायो।

यस सम्बन्धमा जिल्ला प्रहरी प्रमुख धमलाले जिल्लामा जाहेरी आइसकेपछि इलाका प्रहरी कार्यालय कंचनपुरलाई अनुसन्धान गर्ने जिम्मा दिइएको जानकारी दिए। उनले भने 'कंचनपुरले उजुरी दर्ता गरेको छ भने बुझेरै गरेको होला' धमलाले भने, "गाउँपालिकामा निवेदन दर्ता भएको छ भने पछि उसको पक्षमा काम लाग्छ र जाहेरबालालाई नै कार्वाही हुन्छ।"

यस्तै जिल्लाको महदेवा गाउँपालिका वडा नं ३ बथनाहामा भदौं १ गते एक १० बर्षीया बालिकाको बलात्कारको घटना सार्वजनिक भएको छ। गाउँकै काका नाता पर्ने ४० बर्षीया रामसुनर सरदारले बालिकालाई राति ९ बजे खेतमा लगी बलात्कार गरे जनाइएको छ। घट्नापछि फरार भएका सरदारलाई भदौं १० गते प्रहरीले पक्राउ गरी जर्वजस्ती करणी उद्योगमा मुद्दा दायर गरेको छ।

घट्नापछि जर्वजस्ती करणीमा संलग्नकी पत्नीले ती बालिकाका पिता र काकाले एकै पटक आफूलाई बलात्कारका प्रयास गरेको आरोप लगाएकी छन्। यता बालिकासँग बलात्कार गरेका रामसुनरलाई थुनामुक्त बनाउन उनकी पत्नीसहित गाउँका अगुवाले धेरै पटक बयान फेर्न दवाव दिएको बालिकाकी आमाले बताएकी छन्।

पीडित बालिकाको आमाका अनुसार गत असोज ३० गते थुनामा रहेकाकी पत्नीले आफ्नो जग्गामा टाटी लगाउन आएको बेला श्रीमान्ले रोक्दा उनले आफैं कपडा च्यातेर बलात्कारको प्रयास गरेको भन्दै हल्ला गरेकी थिइन्। यसपछि प्रहरी चौकी डिमनमा गएर मौखिक जानकारी गराउँदा प्रहरीले आफ्ना श्रीमान् र देबरलाई बलात्कार आरोपमा पक्राउ गरेको उनले बताइन्।

बालिकाकी आमा अनुसार अहिले पनि गाउँका सबै अगुवाले आफूलाइ बयान फेर्न दवाव दिने गरेका छन्। यता वडा अध्यक्ष यादवले भने यो घट्नाबारे आफूलाई जानकारी नभएको बताउँछन्।

घटना सम्बन्धमा जिल्ला प्रहरी प्रमुख धमलाले यो घट्नामा पनि कंचनपुरले नै अनुसन्धान गरिरहेको बताए। उनले भने, "यदी पक्राउ परेकाहरु निर्दोष छन् भने उनीहरु छुटछन्'


## मंगलमय शुभकामना

हिन्दुहरुको महान चाड वडा दशैं, शुभ दिपावली तथा छठ पर्वको शुभउपलक्ष्यमा सम्पूर्ण जिल्लावासी, गाउँवासी तथा वडावासीमा सुस्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दछौं।



सतिश कुमार सिंह
अध्यक्ष तथा
तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी, परिवार



## मंगलमय शुभकामना

हिन्दुहरुको महान चाड वडा दशैं, शुभ दिपावली तथा छठ पर्वको शुभउपलक्ष्यमा सम्पूर्ण जिल्लावासी, गाउँवासी तथा वडावासीमा सुस्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दछौं।





हरेराम यादव
अध्यक्ष तथा
रुपनी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी, परिवार

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, CITY EXPRESS, Best Remit Quick & Easy, PRABHU Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*